http://www.ird.gov.np

# कर बुलेटिन
Tax Bulletin

आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष ३, अङ्क ८, २०७२ फागुन, Year 3, Issue 8, March 2016

## राजस्व संकलन ११ प्रतिशतले वृद्धि

काठमाडौं । आर्थिक वर्ष २०७२/०७३ फागुन मसान्तसम्मको राजस्व संकलनमा गत वर्षको सोही अवधिको तुलनामा ११ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०७२/०७३ फागुन महिनासम्मको राजस्व संकलनको लक्ष्य रु. १ खर्व २४ अर्व ५७ करोड ४० लाख ७ हजार रहेकोमा रु. १ खर्व २ अर्व १२ करोड ५७ लाख ४० हजार संकलन भई लक्ष्यको तुलनामा ८२ प्रतिशतको प्रगति भएको छ । शिर्षकगत

Revenue Target and Collection — Rs 000

| Group | Monthly Target | Monthly Collection | Percent | Total Target | Total Collection | Percent |
|---|---|---|---|---|---|---|
| Income Tax | 3906133 | 2846863 | 72.88 | 55662404 | 44573613 | 80.08 |
| House Rent Tax | 160642 | 212001 | 131.97 | 2538149 | 1923258 | 75.77 |
| Interest | 327616 | 214306 | 65.41 | 6142839 | 4879879 | 79.44 |
| VAT (Internal) | 2410345 | 3643335 | 151.15 | 32780708 | 30122568 | 91.89 |
| Excise (Internal) | 3235156 | 3484697 | 107.71 | 26600188 | 19839624 | 74.58 |
| Health Service | 245894 | 19071 | 7.76 | 532761 | 435032 | 81.66 |
| Education | 142307 | 23815 | 16.73 | 316958 | 352109 | 111.09 |
| Total | 10428093 | 10444088 | 100.15 | 124574007 | 102126084 | 81.98 |

रूपमा हेर्दा आयकर तर्फ रु. ५१ अर्व ३७ करोड ४१ लाख ४६ हजार, मूल्य अभिवृद्धि कर रु. ३० अर्व १२ करोड ४९ लाख ११ हजार र अन्तःशुल्क तर्फ रु. १९ अर्व ८३ करोड ९५ लाख ३८ हजार संकलन भएको छ । सो रकम लक्ष्यको तुलनामा आयकर तर्फ ८० प्रतिशत, मूल्यअभिवृद्धि कर तर्फ ९२ प्रतिशत र अन्तशुल्क तर्फ ७५ प्रतिशत हो । त्यसैगरी शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर क्रमशः रु. ३५बाँकी १२ पेजमा....

## राजस्व सचिव श्री राजन खनालद्वारा
# आन्तरिक राजस्व कार्यालयहरुको निरीक्षण



आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. ३ मा निरीक्षण भ्रमणपछि कर्मचारीहरुलाई निर्देशन दिनुहुंदै राजस्व सचिव श्री राजन खनाल

काठमाडौं । अर्थ मन्त्रालयका राजस्व सचिव श्री राजन खनाल, राजस्व व्यवस्थापन महाशाखा प्रमुख श्री लक्ष्मण अर्याल, आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्मा, उपमहानिर्देशक श्री विष्णुप्रसाद नेपाललगायतको टोलीले फागुन १० गते आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं. ३ लाजिम्पाट र आन्तरिक राजस्व कार्यालय ललितपुरको अनुगमन गर्नु भएको छ ।

राजस्व सचिव श्री खनालले अनुगमनको क्रममा कार्यालयको भौतिक अवस्था, कार्य सम्पादनको तरिका, कार्यालय संचालन तथा सम्बन्धित शाखाले गर्ने कामको वारेमा समेत जानकारी लिनु भएको थियो । सचिव श्री खनालले निर्देशनको क्रममा हाल भूकम्प, नाकावन्दी तथा तराइ आन्दोलनको कारण राजस्व असुली न्यून भएकोले कार्य योजना बनाई राजस्व असुलीको लक्ष्य पूरा गर्न सक्रियताका साथ लाग्न निर्देशन दिनुभयो । हालसम्म पनि ननफाइलर घट्न नसकेको, मूल्य अभिवृद्धि क्रेडिट विवरण घट्न नसकेको, डेबिट विवरण कम प्राप्त भएको सम्बन्धमा अनुगमन तीव्र बनाउन, कर परीक्षणको कार्यलाई अझ गुणस्तरमुखी बनाउनु पर्ने र कर चुहावट हुने क्षेत्रमा अनुगमन गरी करको दायरा विस्तार गर्न निर्देशन दिनुभयो । कर्मचारीले आफ्नो अनुशासन र आचरण तथा सदाचारबाँकी ५ पेजमा....

यसभित्र

सार्क मुलुकहरुमा डुइङ विजनेश र करको अवस्था — पृष्ठ ३

महानिर्देशक श्री चुडामणि शर्माद्वारा आन्तरिक राजस्व कार्यालय, भद्रपुरको शिलान्यास — पृष्ठ ६

परिपत्रहरु — पृष्ठ ११-१२



# महानिर्देशकको सन्देश

**हाल प्रतिकूल परिस्थितिमा देखा परेको केही सहजता, मुलुकको पुनर्निर्माणमा सरकारले देखाएको तदारुकता तथा समग्र अर्थतन्त्रमा आएको गतिशीलताको परिवेशमा रहेर हेर्दा अब हामीले विगतमा भएको राजस्व कमीको अवस्थालाई परिपूर्ण गरी करदाता, कर प्रशासन र आम नागरिक सवैले आ-आफ्नो क्षेत्रबाट हदैसम्मको योगदान गरी आन्तरिक राजस्व परिचालनमा अभिवृद्धि ल्याई मुलुकको सुशासन, विकास र प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक पर्ने आर्थिक स्रोतको कमी हुन नदिनका लागि सबैले आआफ्नो क्षेत्रबाट पहल गर्ने बेला आएको छ ।**

यस आर्थिक वर्षको प्रारम्भदेखि नै देशमा विभिन्न प्रतिकूल परिस्थितिले गर्दा राजस्व संकलनमा लक्ष्यको तुलनामा केही कम प्रगति भएको कुरामा हामी जानकार छौं । भूकम्पबाट ठूलो धनजनको क्षति र त्यसले पारेको प्रभावसँगै नाकावन्दी, तराई आन्दोलन जस्ता अनपेक्षित घटनाक्रमले गर्दा राजस्व संकलनमा प्रत्यक्ष रुपमा नकारात्मक प्रभाव परेको छ ।

हाल यी प्रतिकूल अवस्थामा क्रमश: सुधार भई आर्थिक गतिविधिमा वृद्धि हुनुका साथै लगानी एवं विकास गतिविधिमा बढोत्तरी हुँदै आएको छ । यी परिस्थितिहरुको अध्ययन, विश्लेषण तथा मनन गर्दै हामीले यस वर्षको लागि लिएका राजस्व नीति, व्यावसायिक कार्ययोजना, आर्थिक ऐनमा गरिएको परिवर्तन, प्रशासनिक सुधार र राजस्व परिचालनको तात्कालीन कार्य योजनाको आधारमा कार्य सम्पादनमा तिव्रता दिन जरुरी भइसकेको छ । उक्त नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनबाट नै अपेक्षित उपलब्धि हासिल गर्न सकिन्छ भन्ने कुरामा म विश्वस्त छु ।

देशको समग्र अर्थतन्त्रलाई चलायमान बनाउनको लागि गतिशील, सुस्पष्ट एवं सरल कर कानून र सोको प्रभावकारी कार्यान्वयनद्वारा, करदातामा सचेतना र जागरुकता ल्याई करको दायरा विस्तार गर्नेतर्फ कर प्रशासनको पहल कदमी जरुरत पर्दछ ।

विगतका समयमा भएका असहज परिस्थितिले व्यावसायिक जगतमा ल्याएको निराशा एवं अप्ठ्यारोपनालाई सहजीकरण गर्ने उद्देश्यले करका विवरणहरु दाखिलादेखि कर रकम बुझाउने समयावधि थप गरिएको व्यहोरा सवैलाई विदितै छ ।

गत वर्षको बजेट तयारी गर्दा आम करदाताको मागको आधारमा मूल्य अभिवृद्धि करको थ्रेसहोल्डलाई बढाई रु ५० लाख गरेको र यसै वर्षदेखि कारोवारमा आधारित कर (Turnover Tax) लागू गरेको कुरा पनि सम्वद्ध सवैमा विदितै छ । त्यसैले आफ्नो माग अनुसार ल्याइएको व्यवस्थाको परिपालनामा अपेक्षाकृत रुपमा सहभागिता कम देखिएकोले सो कुरामा गम्भीर भई सक्रियताका साथ अगाडि बढ्न म समग्र करदातालाई हार्दिक अनुरोध गर्दछु ।

हाल प्रतिकूल परिस्थितिमा देखा परेको केही सहजता, मुलुकको पुनर्निर्माणमा सरकारले देखाएको तदारुकता तथा समग्र अर्थतन्त्रमा आएको गतिशीलताको परिवेशमा रहेर हेर्दा अब हामीले विगतमा भएको राजस्व कमीको अवस्थालाई परिपूर्ण गरी करदाता, कर प्रशासन र आम नागरिक सवैले आ-आफ्नो क्षेत्रबाट हदैसम्मको योगदान गरी आन्तरिक राजस्व परिचालनमा अभिवृद्धि ल्याई मुलुकको सुशासन, विकास र प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक पर्ने आर्थिक स्रोतको कमी हुन नदिनका लागि सबैले आआफ्नो क्षेत्रबाट पहल गर्ने बेला आएको छ ।

त्यसैले चालु आर्थिक वर्षको बाँकी अवधिमा सवै आआफ्ना काम कारवाहीहरुमा केन्द्रित भई व्यावसायिक मर्यादा र व्यावसायिक प्रवर्द्धन गरी करदातालाई आफूले तिर्नु बुझाउनु पर्ने कर समयमै तिर्न, बुझाउन कर प्रशासनलाई आफूले सम्पादन गर्नुपर्ने काम कारवाहीहरु योजनावद्ध ढंगमा करदातामैत्री व्यवहार प्रदर्शन गरी सम्पादन गर्न र आम नागरिकलाई सोको नियमित रुपमा अनुगमन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न म आव्हान गर्दछु ।

हाल हामीले आगामी वर्षको लागि लिने नीति, बजेट तर्जुमाको लागि लिने राजस्व नीति, राजस्वका दरमा परिवर्तन, संगठनात्मक सुधार, कार्य प्रणालीमा सुधार एवं ऐन नियममा संशोधन तथा आवश्यक सुधारको लागि विगतका नीतिहरुको समीक्षा र आगामी दिनमा गर्नुपर्ने सुधारका कार्य पनि शुरु गरिसकेका छौं । हामीले विगतमा भएका कार्य सम्पादन र त्यसको मूल्यांकन गर्दै आगामी वर्षको लागि लिनुपर्ने बजेट तथा राजस्व नीतिको सुधार सम्बन्धमा छलफल शुरु गरिसकेका छौं ।

यी समग्र परिस्थितिमा म आम करदाताहरुमा इमान्दारिता र पारदर्शिता कायम गरी आफ्नो कारोवार संचालन गर्न र कर कानूनको परिपालनामा जोड दिन आग्रह गर्दछु । आन्तरिक राजस्व प्रशासन परिवारका सवै कर्मचारीलाई पनि करदाताको सेवामा समर्पित रही आआफ्ना काम कारवाही योजनावद्ध ढंगले संचालन गरी निर्धारण गरेको आफ्नो वार्षिक लक्ष्य प्राप्तिमा जोड दिन निर्देश गर्दछु ।

साथै आगामी वर्षमा गर्नुपर्ने सुधार र परिवर्तनको विषयमा सुझाव उपलव्ध गराइदिन म सम्वद्ध सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।

चैत, २०७२

**चुडामणि शर्मा**
महानिर्देशक

# सार्क मूलुकहरूमा डुइङ विजनेश र करको अवस्था

आर्थिक उदारिकरणको नीति अवलम्वन गर्ने अर्थतन्त्रमा व्यापार तथा व्यवसाय संचालन गर्न सरकारवाट सहजकर्ताको भूमिका निर्वाह गरी व्यवसायीलाई सहज र सरल किसिमले आफ्नो व्यवसाय संचालन गर्न दिने वातावरण वनाउनु जरुरी हुन्छ । लगानीकर्ताहरुले आफ्नो लगानीको प्रतिफलको पूर्वानुमान गर्न सक्ने लगानी एवं व्यवसायमैत्री वातावरणको सुनिश्चितता राज्यले गर्नु पर्दछ । यसका लागि व्यवसाय दर्ताको शुरुवातदेखि व्यवसाय वन्द वा खारेजीसम्मको अवधि र यसवीचमा हुने विभिन्न प्रकृया तथा कियाकलापरुमा पारदर्शिता, सहजता, चुस्तता, र मितव्ययीता अनिवार्य शर्तहरु हुन ।

विश्व बैक र अन्तर्राष्ट्रिय वित्त निगमद्वारा विगत दशक भन्दा अगाडि देखि विभिन्न अर्थतन्त्रका उद्योग तथा व्यापार सञ्चालनका सम्बन्धमा शुरु देखि अन्तिम सम्मको प्रकृया र सो मा लाग्ने समय एवं व्यहोर्नुपर्ने झन्झट लगायतका विषयमा बृहत अध्ययन गरी डुइङ्ग विजनेश नामक प्रतिवेदन सार्वजनिक गर्दै आएको छ । व्यवसाय संचालनमा सहजता, अपनाउनु पर्ने कार्यविधि, लाग्ने समय, लगानीको सुरक्षा, व्यवसाय संचालनका लागि ऋण प्राप्त गर्ने प्रकृया र समय, वैदेशिक व्यापार संचालन, कर तिर्दा अपनाउनु पर्ने प्रकृया र लाग्ने समय, व्यवसाय वन्द गर्ने प्रकृया र यसका लागि अपनाउनु पर्ने कार्यविधि जस्ता विभिन्न १० वटा सूचकहरुको आधारमा यो प्रतिवेदन तयार पारी वर्षेनी प्रकाशन हुँदै आएको छ ।

विश्व अर्थतन्त्रमा तुलनात्मक रुपले दक्षिण एशियाली मूलुकहरुको अवस्था सन्तोषजनक देखिदैन । प्राय जसो सूचकमा यस क्षेत्रका देशको अवस्था निराशाजनक नै रहेको देखिन्छ । प्रस्तुत लेखमा प्रतिवेदनका १० सूचक मध्ये महत्वपूर्ण सूचक Paying Taxes (करसंग सम्वन्धित सूचक) मा दक्षिण एशियाका देशहरुको अवस्थाका वारेमा उल्लेख गरिएको छ ।

यो सूचक एउटा मध्यम स्तरको कम्पनीले दाखिला गर्नु पर्ने करको प्रतिशत (मुनाफामा, करको कानून जानकारी प्राप्त गर्न तथा सोको पालना गर्न (विवरण तथा कर रकम दाखिला गर्न) एक वर्षमा लाग्ने औषत समय



प्रकाश शर्मा ढकाल
शाखा अधिकृत
आन्तरिक राजस्व विभाग

तथा एक वर्षमा कति पटक कर/विवरण दाखिला गर्नु पर्दछ भन्ने जस्ता विषयहरुमा केन्द्रित भई तयार गरिन्छ । प्रतिवेदनले सवै सूचकहरुमा देशहरुको अवस्थाका साथै समग्रमा कुन देश कति औं स्थानमा रहेको छ भनी Ranking समेत गर्दछ। सन् २००८ देखि २०१६ सम्म नेपाल लगायत विभिन्न ६ सार्क देशहरुको करसंग सम्वन्धित सूचकमा भुटानको अवस्था तुलनात्मक रुपमा राम्रो रहेको देखाएको छ। नेपाल २००८ मा १७८ देश मध्ये ९२ औं स्थानमा रहेकोमा २०१० मा १२३ औं स्थानमा ओर्लिएकोमा २०१२ मा पुन: सुधार भै ८६ औं स्थानमा रहेको देखिन्छ । २०१४ को तुलनामा नेपालको अवस्था सुधार भै २०१६ मा आउदा १२४ औ स्थानमा उक्लिएको छ । २०१४ को तुलनामा पाकिस्तान वाहेक सवै देशको अवस्थामा सुधार आएको छ ।

एक वर्षमा कर तथा करका विवरणहरु सवैभन्दा कम पटक दाखिला वा पेश गर्नु पर्ने हिसावले भुटान सवैभन्दा अग्रस्थानमा रहेको देखिन्छ । भुटानले सन् २००६ मा रहेको ३० पटकमा उल्लेख्य सुधार गरी १८ पटकमा झारेको छ। दोस्रो स्थानमा रहेको वंगलादेशको भने यस अवधिमा १७ बाट २१ पुगेको छ। नेपालको अवस्था भने भारत भन्दा पछि अर्थात चौंथो स्थानमा रहेको छ। एक करदाताले एक वर्षमा यस्तो औपचारिकता सन् २००६ मा जम्मा २३ पटक पुरा गर्नु पर्नेमा हाल आएर ३४ पटक पुरा गर्नु पर्ने देखिएको छ। सार्क राष्ट्रमा भारत र भुटान वाहेक अरु देशले यो संख्या कम गर्न सकेको देखिदैन। यस विचमा भारतले यस्तो संख्या ५९ बाट ३३ मा र भुटानले ३० वाट १८ मा सिमित गर्न सकेको देखिन्छ।

**करका औपचारिकता पुरा गर्नु पर्ने पटक (एक वर्षमा)**

| | २००६ | २००८ | २०१० | २०१२ | २०१४ | २०१६ |
|---|---|---|---|---|---|---|
| नेपाल | २३ | ३३ | ३४ | ३४ | ३४ | ३४ |
| भारत | ५९ | ६० | ५९ | ३३ | ३३ | ३३ |
| पाकिस्तान | ३२ | ४७ | ४७ | ४७ | ४७ | ४७ |
| वंगलादेश | १७ | १७ | २१ | २१ | २० | २१ |
| श्रीलंका | ४२ | ६२ | ६२ | ७१ | ५८ | ४७ |
| भुटान | ३० | १९ | १८ | ६ | १९ | १८ |

करदाताले करका औपचारिकताहरु पुरा गर्न एक वर्ष खर्चिनु पर्ने समयका आधारमा नेपाल पाकिस्तानको ५९४ घण्टा भन्दा २६० घण्टा कम अर्थात जम्मा ३३४ घण्टा मात्र रहेको छ। यस हिसावमा पनि सार्क मूलुकहरुमा भुटान नै अग्र स्तथानमा रहेको छ। सन् २००६ को तुलनामा पाकिस्तान वाहेकका सवै देशहरुले कर तथा विवरण पेश गर्ने प्रकृयाहरुमा सुधार गरी करदाताको लागत र समयमा कमी ल्याउदै आएको पाइन्छ। नेपालको २०१४ को तुलनामा २०१६ मा ८

**सार्क राष्ट्रको स्थान (Rank)**

| अर्थतन्त्र/देश | २००८ (१७८ देश) | २०१० (१८३ देश) | २०१२ (१८३ देश) | २०१४ (१८९देश) | २०१६ (१८९देश) |
|---|---|---|---|---|---|
| नेपाल | ९२ | १२३ | ८६ | १२६ | १२४ |
| भारत | १६५ | १६९ | १४७ | १५८ | १५७ |
| पाकिस्तान | १४६ | १४३ | १५८ | १६६ | १७१ |
| वंगलादेश | ८१ | ८९ | १०० | १०० | ८६ |
| श्रीलंका | १५८ | १६६ | १७३ | १७१ | १५८ |
| भुटान | ६८ | ९० | ६७ | १०४ | २८ |

घण्टा वढी समय लाग्ने देखिएको छ।

**करका औपचारिकताहरु पुरा गर्न करदाताले खर्च गर्नु पर्ने समय प्रति वर्ष (घण्टामा)**

| | २००६ | २००८ | २०१० | २०१२ | २०१४ | २०१६ |
|---|---|---|---|---|---|---|
| नेपाल | ४०८ | ४०८ | ३३८ | ३२६ | ३२६ | ३३४ |
| भारत | २६४ | २७१ | २७१ | २५४ | २४३ | २४३ |
| पाकिस्तान | ५६० | ५६० | ५६० | ५६० | ५७७ | ५९४ |
| वंगलादेश | ६४० | ४०० | ३०२ | ३०२ | ३०२ | ३०२ |
| श्रीलंका | Na | २५६ | २५६ | २५६ | २१० | १६२ |
| भुटान | ७० | २७४ | २७४ | २७४ | २७४ | ८५ |

एउटा कम्पनीले तिर्नु पर्ने करकनो दरको हिसावले नेपालको अवस्था सवै भन्दा राम्रो देखिएको छ। सन् २०१० सम्म तिर्नु पर्ने करको दर ३२.५ रहेकोमा २०१६ मा आउदा २९.५ प्रतिशत मात्र रहेको छ। सन् २००६ को तुलनामा भारत, श्रीलंका र भुटानमा करको दर बढेको देखिएको छ। हाल सबैभन्दा बढी भारतमा यस्तो दर ६०.६ प्रतिशत, त्यसपछि क्रमशः श्रीलंकामा ५५.२, भुटानमा ३५.३ र पाकिस्तानमा ३२.६ प्रतिशत रहेको छ।

**करको दर नाफामा**

| | २००६ | २००८ | २०१० | २०१२ | २०१४ | २०१६ |
|---|---|---|---|---|---|---|
| नेपाल | ३१.८ | ३२.५ | ३२.५ | ३१.५ | ३१.५ | २९.५ |
| भारत | ४३.२ | ७०.६ | ६४.७ | ६१.८ | ६२.८ | ६०.६ |
| पाकिस्तान | ५७.४ | ४०.७ | ३१.६ | ३५.३ | ३४.७ | ३२.६ |
| वंगलादेश | ५०.४ | ३९.५ | ३५ | ३५ | ३५ | ३१.६ |
| श्रीलंका | ४९.४ | ६३.७ | ६३.७ | १०५.२ | ५५.१ | ५५.२ |
| भुटान | २३.३ | ३९.८ | ४०.६ | ४०.८ | ४०.८ | ३५.३ |


डुइङ्ग विजनेश, २०१६ मा नेपालको अवस्था समग्र व्यावसायीक वातावरणका हिसावले नेपालको अवस्था गत साल भन्दा कमजोर देखिएको छ गत वर्ष ९४ औं स्थानमा रहेको नेपालको स्थान यस वर्ष पांच स्थानले ओरालो लागि ९७ औं स्थानमा झरेको छ। सरकारले आन्तरिक तथा वैदेशिक लगानी आकर्षित गर्न नयां वैदेशिक सहायता नीति, वैदेशिक लगानी नीति, वाणिज्य नीति जारी गरी कार्यान्वयन गर्दै रहदां उक्त प्रतिवेदनले वैदेशिक लगानी आकर्षित गर्ने दिशामा नेपालको वातावरण प्रतिकूल वन्दै गइरहेको देखाएको छ।

व्यवसाय सञ्चालनमा सहजता, अपनाउनुपर्ने कार्यविधि, लाग्ने समय, लगानीको सुरक्षा, व्यवसाय सञ्चालनको लागी ऋण प्राप्त गर्ने प्रकृया र समय, वैदेशिक व्यापार सञ्चालन, कर तिर्दा अपनाउनु पर्ने प्रकृया र लाग्ने समय, व्यवसाय बन्द गर्ने प्रकृया र यसको लागी अपनाउनु पर्ने कार्यविधि जस्ता १० सूचकहरु मध्ये एउटा सूचकमा मात्र नेपालको अवस्थामा गत वर्षको तुलनामा सुधार भएको छ। एउटा सूचकमा अधिल्लो वर्षकै स्थानमा रहेको छ भने अन्य आठ सूचकहरुमा नेपालको व्यवसायीक वातावरणको अवस्था गत वर्षको तुलनामा प्रतिकूल वन्दै गएको छ।

सूचकहरु मध्ये राजस्व प्रशासनसंग प्रत्यक्ष सरोकार राख्ने दुइ सूचकहरु रहेकाछन। यी सूचकहरुमा Paying Taxes र Trading Across the Borser रहेका छन। Paying Tax मा नेपालको अवस्था गत वर्ष जस्तै नै अर्थात १२४ औ स्थानमा रहेको छ भने Trading Across the Border मा भने सामान्य सुधार भै एक स्थान माथि उक्लिएको छ। अर्थात नेपाल गत वर्षको ६० औं स्थानबाट ५९ औं स्थानमा उक्लिएको छ।

कर प्रणाली सुधार गर्ने क्रममा आन्तरिक राजस्व विभागको पाँचवर्षे रणनीतिक योजनाको मध्यवधि समिक्षा र तीनवर्षे कर प्रणाली सुधार कार्ययोजनाको मूल्यांकन र आगामी कार्ययोजनाको तयारी भैरहेको सन्दर्भमा प्रतिवेदनले कर तिर्ने प्रकृया तथा लागत झण्झटिलो भएको उल्लेख गरेको छ। डुइङ्ग विजनेश २०१६ अनुसार नै नेपाल १२४ औ स्थानमा रहेको छ। अर्थात कर तिर्ने प्रकृया, लाग्ने समय र लागतमा कुनै सुधार आउन सकेको छैन। करदाताले एक आय वर्षमा ३४ पटक कर तिर्नु पर्ने र सो को लागि वर्षमा ३३४ घण्टा लाग्ने प्रतिवेदनले उल्लेख गरेको छ। स्मरण रहोस २०११ मा नेपाल ८६ औ स्थानमा पुग्न सफल भएको थियो। प्रतिवेदनले दक्षिण एशियामा भुटान पहिलो र अफगानिस्तान दोश्रो स्थानमा (समग्रमा क्रमशः २८ र ९ औ स्थान) रहेको देखाएको छ। भारत १५७ औ स्थान, श्रीलंका १५८ औं स्थान तथा पाकिस्तान १७१ औ स्थानमा रहेको उल्लेख गरेको छ। नेपाल यो सूचकमा दक्षिण एशियाको औसत भन्दा राम्रो अवस्थामा रहेको देखिए पनि सुधारको क्षेत्र निकै नै रहेको देखिएको छ।

**How Nepal and comparator economies rank on the ease of paying taxes**





व्यवसायिक वातावरणको उत्कृष्टताको स्तर मापन गर्ने "डिस्ट्यान्स फम फन्टीयर" जसलाई शुन्य देखि सय सम्मको स्केलमा मापन गरिन्छमा नेपालको यो सूचकमा अंक ६६.५ रहेको छ। यसले नेपाल व्यवसायीक वातावरणको उत्कृष्टताको स्तरबाट अझै ३३.५ प्रतिशत विन्दुले टाढै रहेको देखाउदछ। यसमा नेपाल भुटान र अफगानिस्तान वाहेक अन्य देश भन्दा राम्रो रहेको देखिएको छ।

**सवै सूचकहरुमा नेपालको अवस्था**




वास्तव मै प्रतिवेदनले उल्लेख गरे जस्तै हो त नेपालको अवस्था। सूचना प्रविधिको व्यापक प्रयोग मार्फत करदाताको कर सहभागिता लागत तथा समय घटाउन सफल भएको भनि रहदां यो प्रतिवेदनले करदाताको समय र लागतमा कुनै सुधार नभएको देखाउनुले हाम्रा प्रयासहरुको समिक्षा गर्नु पर्ने देखाएको छ। एउटा मूल्य अभिबृद्धि करको विवरण तयारी, Online entry तथा राजस्व रकम दाखिला गर्न ११ घण्टा लाग्छ त के करदाताले चालु आय वर्षको अनुमानित नाफाको गणना गरी निर्दिष्ट फारम Online मार्फत पेश गर्न, सो

**सवै सूचकहरुममा नेपालको अवस्था**




Doing Business Report 2016

विवरण प्रमाणित गर्न तथा दाखिला गर्नु पर्ने देखिएको किस्ताको रकम वैंकमा दाखिला गर्न साच्चिकै ४० घण्टा समय व्यतित गर्नु पर्दछ अनि के सामाजिक सुरक्षा करको विवरण तथा राजस्व दाखिला गर्नको लागि प्रत्येक महिना ७ घण्टा लगाउनु पर्दछ त यथार्थता वास्तवमा यहि नै हो त ? सोच्नु पर्ने वेला भएको छ। करदातामैत्री कर प्रशासनलाई मूल मन्त्रको रुपमा आत्मसाथ गर्दै अगाडि बढी रहेको सन्दर्भ, सरकारी निकायहरुमा सूचना प्रणालीको प्रयोग र प्रभावकारिताका हिसावले कर प्रशासन अग्रस्थानमा रहेको, कर सम्वन्धि कानूनहरु अन्तराष्ट्रिय मापदण्ड अनुसारकै रहेका, करका दरहरु तुलनात्मक रुपमा न्यून रहेको रहेको अवस्थामा अघिल्ला वर्षहरु भन्दा कमजोर अवस्था देखिनु चिन्ताको विषय हो र हुनु पर्दछ।

कर प्रशासनमा भन्दा करदाताहरुमा आधुनिक प्रविधिको प्रयोगको मात्रा अत्यधिक बढ्दै गइरहेको र कारोवारको लेखा राख्ने प्रयोजनका लागि वनाइएका सफ्टवयरहरुले चाहे जस्तो विवरणहरु Auto Generate गर्ने सन्दर्भ, करका विवरण तथा राजस्व दाखिला गर्नु पर्ने समय, स्थान समेतमा तादाम्यता भै सकेको अवस्था, करदाताहरुले Online मार्फत विवरण पेश गर्ने र धेरै विवरणहरु आफै प्रमाणित गर्न सक्ने विद्यमान अवस्थालाइ दृष्टिगत गर्दा प्रतिवेनमा औल्याइएको समय व्यवहारिक यथार्थबाट अलि टाढिएको हो कि भन्नलाई धेरै आधार देखिन्छन । यसो भन्दैमा कर सहभागिता लागत न्यूनिकरण गर्नु पर्ने अवस्था नेपालको सन्दर्भमा नरहेको भन्ने मनसाय किमार्थ होइन । प्रतिवेदनहरु अनुसार एक करदाताले एक वर्षमा कर तथा करका विवरण दाखिला गर्न सन २०१२ मा ३२६ घण्टा लागने उललेख गरेको र यस वर्ष बढेर ३३४ घण्टा लाग्ने उललेख गरेको छ। यस वीचमा सूचना प्रविधिको प्रयोग मार्फत करदाता र कर प्रशासन वीचको भौतिक सम्पर्कलाई न्यूनिकरण गरिएको छ भने कर सम्वन्धी कुराहरुको जानकारी, करका विवरण तथा रकम दाखिला गर्नको लागि प्रकृयागत सरलीकरण गरिएको छ । आफ्नो विवरण पेश गर्न तथा प्रमाणित गर्न सक्ने अधिकार करदाताहरुलाई दिइएको छ। ABBS को कार्यान्वयन गरिएको छ। करदाता शिक्षाका माध्यामबाट करदातालाई सुसूचित गरिदैं आइएको छ।




१ पेजको बांकी...

पद्दतिमा रही कार्य सम्पादन स्तरलाई सुधार गर्न जोड दिनुहुँदै असामान्य परिस्थितिमा असामान्य हिसावले कार्य सम्पादन गरी राजस्व लगायत सवै कार्यात्मक लक्ष्य प्राप्त गर्ने गरी कार्य सम्पादन गर्न निर्देशन समेत दिनुभयो । आन्तरिक राजस्व कार्यालय ललितपुरको हालको कार्यालय अत्यन्त जीर्ण भएकोले नयाँ कार्यालय निर्माण गर्ने कार्य अगाडि बढाउन समेत जोड दिनुभयो ।

सो अवसरमा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले कार्यालयलाई दैनिक, साप्ताहिक, मासिक, कार्य योजना बनाई कार्य सम्पादन गर्न निर्देशन दिनुभयो । वेरुजु, बक्यौतालगायत अन्य क्षेत्रमा समेत ध्यान दिंदै राजस्व लक्ष्य पूरा गर्न निर्देशन दिनुभयो ।

प्रमुख कर अधिकृत श्री चण्डीप्रसाद घिमिरेले कार्यालयको राजस्व लक्ष्य, प्रगति, बेरुजु, बक्यौता, परीक्षण, अनुसन्धानको कार्य प्रगति साथै आगामी दिनमा गरिने कार्यको विस्तृत व्यहोरा सहितको विवरण प्रस्तुत गर्नु भएको थियो । आगामी दिनमा कार्यालयको लक्ष्य हासिल हुने कुरामा प्रयासरत रहेको कुरा व्यक्त गर्नुभयो ।

निरीक्षणको क्रममा आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. ३ का प्रमुख कर अधिकृत श्री भुपालराज बरालले कार्यपत्र प्रस्तुत गर्नुहुँदै करदाता मैत्री कर प्रशासनको अवधारणालाई पूर्णतः आत्मसात गरी कार्यालयको सम्पूर्ण कार्य सम्पादनलाई गुणात्मक तवरबाट विशिष्टिकृत तुल्याई आन्तरिक राजस्व विभाग अन्तरगतका आन्तरिक राजस्व कार्यालयहरु



मध्ये आफूलाई सर्वोत्कृष्ट कार्यालयको रुपमा स्थापित गर्ने दूरदृष्टि राखेको बताउनुभयो । कार्यालयको संस्थागत, भौतिक लगायत संरचनामा सामयिक सुधार गर्दै प्रशासनिक एवं प्रकृयागत सुधार तथा सूचना प्रविधिको प्रयोगको माध्यमबाट करदाता सेवा प्रवाहलाई उत्कृष्ट बनाउने दावी समेत गर्नुभयो । उहाँले कार्यालयले कार्य सम्पादन गर्ने क्षेत्र, कर्मचारीको विवरण, करदाताको विवरण, मूल्य अभिवृद्धिकर विवरणको विश्लेषण, राजस्व संकलनको अवस्था, बेरुजुको प्रगति अवस्था, बक्यौताको विवरण, मुख्य कार्यगत प्रगति विवरण, कर फछ्र्यौट आयोग २०७१ का सम्झौताहरुको कार्यान्वयन अवस्था र रणनीतिको वारेमा समेत उल्लेख गर्नु भएको थियो ।

उहाँले समग्र देशको परिस्थितिका कारण राजस्व असुलीमा समस्या रहेको, राजस्व संकलन लक्ष्य समायोजन गर्नु पर्ने अवस्था, विद्युत आपूर्ति तथा इन्धन अभावका कारण दैनिक कार्य संचालनमा समस्या भइरहेकोले यस्ता समस्या समाधान गर्नेतर्फ जोड दिनुपर्ने उल्लेख गर्नुभएको थियो ।

# महानिर्देशक श्री चुडामणि शर्माद्वारा आन्तरिक राजस्व कार्यालय, भद्रपुरको शिलान्यास



आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्मा सहितको टोलिले फागुन ४ गते आन्तरिक राजस्व कार्यालय, भद्रपुर तथा सोही दिन करदाता सेवा कार्यालय, इलामको स्थलगत निरिक्षण गर्नुभयो। उक्त निरीक्षणमा विभागका उप महानिर्देशक श्री विष्णुप्रसाद नेपाल, निर्देशकद्वय श्री पदमकुमार श्रेष्ठ र अर्जुनप्रसाद भट्टराई समेतको उपस्थिति थियो । कार्यालयको समग्र परिस्थिति तथा प्रगतिका वारेमा प्रमुख कर अधिकृत श्री निर्मल ढकालले प्रस्तुति गर्नुभएपछि निर्देशनका क्रममा महानिर्देशक श्री चुडामणि शर्माले ँष्भमि मा भोगेका समस्या र प्राप्त भएका उपलब्धिको जानकारी लिने उद्देश्यले कार्यालयको स्थलगत भ्रमण गरिएको बताउनु भयो । उहाँले कर्मचारीहरुलाई निर्देशन दिनुहुँदै सबै शाखाहरुले आ-आफ्नो शाखागत परिसूचकहरुको कार्ययोजना सहितको लगाम तयार गरी त्यसै अनुरुप लक्ष्य पूरा गर्न निर्देशन दिनुभयो । अर्थ मन्त्रालयबाट स्वीकृत भएको राजस्व परिपुरकको वैकल्पिक कार्ययोजना अनुसार राजस्व संकलन गरी कमी भएको राजस्व परिपूर्ति गर्ने कार्यमा विशेष जोड दिनुपर्ने बताउनुभयो ।

उहाँले कार्यसम्पादन गर्दा लक्ष्य, लगन र लगामलाई सदैव केन्द्रैविन्दुमा राख्न र आफूले गरेका कामहरुको आफै मूल्यांकन गर्न समेत निर्देशन दिनुभयो । वजार अनुगमन प्रभावकारी रुपमा गरी करको दायरा वढाउने एवं Field Audit लाई अनिवार्य गर्न, कर परीक्षण तथा अनुसन्धान सहि ढंगले गरी कर सहभागिता अभिवृद्धि गर्ने गराउने कार्यमा जोड दिन पनि आग्रह गर्नुभयो । प्रचलित कर कानून, विभागीय निर्देशन, निर्देशिका, परिपत्रहरुमा भएको व्यवस्थाहरुको स्वःअध्ययन तथा छलफल गर्न तथा जटिल प्रकृतीका मुद्दाहरुमा आपसि छलफल गरी कार्यालयलाई Learning Organization को रुपमा विकास गर्ने परिपाटीलाई अवलम्वन गर्न पनि उहाँले निर्देशन दिनु भएको थियो ।

महानिर्देशक शर्माले कार्यालयको कार्यसम्पादन स्तर उच्च राख्न कार्यगत लक्ष्यलाई विशेष ध्यान दिई सबै परिसूचकहरु पूरा गर्ने तर्फ क्रियाशिलताका साथ अघि वढ्न निर्देशन दिनुहुँदै आचरणवद्ध भई कानून सम्मत कार्य सम्पादन गर्ने गराउने कार्यमा विशेष ध्यान दिने लगायतका विषयमा निर्देशन दिनु भएको थियो ।

त्यसैगरी ४ गते नै महानिर्देशक श्री चुडामणि शर्माको टोलीले करदाता सेवा कार्यालय, ईलामको स्थलगत निरीक्षण गर्नुभई कार्य सम्पादनका विविध क्षेत्रमा निर्देशन प्रदान गर्नुभयो । तत्पश्चात महानिर्देशक तथा उपमहानिर्देशक, निर्देशक तथा आन्तरिक राजस्व कार्यालय, भद्रपुरका प्रमुख कर अधिकृत समेतको टोली जिल्ला विकास समितिको कार्यालय, इलामको सभाकक्षमा इलाम जिल्ला स्थित सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधीहरु एवं उद्योगी व्यापारीहरुको उपस्थितिमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको थियो । सो कार्यक्रममा विशेष गरी कार्यालयको काम कारवाही तथा कर सचेतना कसरी वढाउन सकिन्छ ? भन्ने वारेमा केन्द्रीत







रही अन्तरक्रिया सम्पन्न भएको थियो । महानिर्देशक श्री शर्माले फागुन ५ गते आन्तरिक राजस्व कार्यालय, भद्रपुरको डिभिजन भवन कार्यालय ईलामको प्राविधिक सहयोगमा निर्माण हुने चार कोठे प्रमुख कर अधिकृतको आवास भवनको ६ जना वटुक सहितका ब्राम्हणद्वारा धार्मिक विधिपूर्वक मन्त्रोच्चारण गरी शिलान्यास गर्नु भएको थियो । भवनको शिलान्यास पश्चात् झापा उद्योग संघका पदाधिकारी र उद्योगपतिहरु सहितको भेला आयोजना गरिएको थियो । कार्यक्रममा महानिर्देशक तथा उपमहानिर्देशक र प्रमुख कर अधिकृत श्री निर्मल ढकाल सहभागी हुनुभयो । झापा उद्योग संघका अध्यक्ष श्री टीकाराज ढकालको सभापतित्वमा भएको सो कार्यक्रममा उद्योगीहरुले भोग्नुपरेका समस्याका वारेमा उद्योगीहरुले आ-आफ्नो भनाइहरु राखेका थिए। छलफलमा उठेका विषयवस्तुहरुलाई लिपिबद्ध गरी विभाग समक्ष प्रस्तुत गर्न महानिर्देशक श्री चुडामणि शर्माले आग्रह गर्नुभएको र समस्या समाधानका लागि पहल गर्न आश्वासन दिनुभएको थियो । अन्त्यमा, महानिर्देशक तथा उपमहानिर्देशक र आन्तरिक राजस्व कार्यालय, भद्रपुरका प्रमुख कर अधिकृत श्री निर्मल ढकालबाट विर्तामोड, झापा उद्योग वाणिज्य संघ तथा सम्पूर्ण उद्योग वाणिज्य संघका शाखा कार्यालयहरुका पदाधिकारी र स्थानीय करदाताहरुसंग कर सम्वन्धी नीतिगत विषयवस्तुहरुमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । सोही दिन विभागबाट आउनु भएका निर्देशकद्वय श्री पदमकुमार श्रेष्ठ र अर्जुनप्रसाद भट्टराई तथा शाखा अधिकृत सुजित सिहं समेतको टोलीले कार्यालयको कार्य सम्पादन लक्ष्य तथा हालसम्मको कार्य प्रगतिको Indicator Wise अनुगमन गरी थप निर्देशन तथा सुधारका लागि सुझाव प्रदान गरियो। अन्त्यमा आन्तरिक राजस्व कार्यालय, भद्रपुरका प्रमुख कर अधिकृत श्री निर्मल ढकालबाट महानिर्देशक तथा उपमहानिर्देशकवाट दिईएका निर्देशन बमोजिम उच्च मनोवलका साथ आचरणबद्ध भई कार्यालयको समग्र कार्यसम्पादनमा सुधार गरी कार्यालयका लक्ष्य पुरा गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो ।

# मालसामान तथा सेवा खरिद बिक्री गर्दा बिल विजक लिने दिने सम्बन्धी सूचना

मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम वस्तु तथा सेवा बिक्री गर्दा बिक्रेताले क्रेतालाई अनिवार्य रुपमा बिजक जारी गरे नगरेको अनुगमन गर्न आन्तरिक राजस्व विभाग तथा मातहत कार्यालयबाट बजारमा कर अधिकृत सहितको टोलीहरू खटाइएको छ । बिक्रेताले विजक जारी गरेको नपाइएमा वा कारोवार भन्दा घटीमा बिजक जारी गरेको पाइएमा मूल्य अभिवृद्धि कर ऐन बमोजिम कर अधिकृतले प्रत्येक पटक रु ५०००।- (पाँच हजार मात्र) तत्कालै जरिवाना गर्न सक्नेछ । त्यसैले प्रत्येक बिक्रेताले वस्तु तथा सेवा बिक्री गर्दा अनिवार्य रुप्मा विजक जारी गर्नुहुन र वस्तु तथा सेवा खरीद गर्दा क्रेताले आफूले तिरेको मूल्यको अनिवार्य रुपमा विजक लिन हुन अनुरोध छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभाग**
लाजिम्पाट, काठमाडौं

# आन्तरिक राजस्व विभाग र GIZ RAS Project को योजना गोष्ठी सम्पन्न



कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उपमहानिर्देशक श्री विष्णुप्रसाद नेपाल र उपस्थित कर प्रशासनका कर्मचारीहरु

आन्तरिक राजस्व विभागले विगत लामो समय देखि जर्मन सरकारद्वारा संचालिम GIZ RAS Project बाट विभिन्न क्षेत्रहरुमा सहयोग प्राप्त गर्दै आएको छ। उक्त आयोजनाको समायमवधि सन् २०१५ डिसेम्वरसम्म रहेकोमा हाल कार्यावधि थप भई सन् २०१७ डिसेम्वरसम्म कायम हुन आएको छ। आगामी २ वर्षमा परियोजनाको सहयोग लिई कार्य सम्पादन गर्न सकिने पांच वर्षे रणनीतिक योजना, यस वर्षको व्यवसायिक कार्ययोजनामा परेको तथा सम्भाव्य कार्यक्रमहरुको वारेमा एक दिने कार्यशाला गोष्ठी फागुन २० गते सम्पन्न भएको छ। आन्तरिक राजस्व विभागका अधिकृतस्तरका सवै कर्मचारीसँग भएको कार्यक्रममा पांच वर्षे रणनीतिक योजना तथा व्यावयायिक योजनामा समावेश भएका क्रियाकलापहरु लगायत आगामी २ वर्षमा गर्नु पर्ने अन्य संभाव्य सुधारका क्षेत्रहरु समेत पहिचान गरी विभिन्न विषयवस्तुहरु प्रस्तुति गरिएको थियो।

कार्यक्रममा उपमहानिर्देशक श्री विष्णुप्रसाद नेपालले कुनै पनि काम गर्दा योजना बनाएर गर्दा संस्थालाई पनि फाइदा हुने र व्यवसायीलाई पनि फाइदा हुने बताउनुभयो। उहाँले ऐन नियमहरुका सम्बन्धमा, आन्तरिक राजस्व विभाग स्थायी संरचना भएकाले कार्य योजना बनाएर भोलिका दिनमा कसरी काम गर्न सकिन्छ भन्ने विषयमा शाखा र महाशाखा बसेर छलफलबाट निष्कर्ष निकाल्न निर्देशन दिनुभएको थियो।

कार्यक्रममा आन्तरिक राजस्व विभागका निर्देशक श्री सम्झना बरालले व्यवसायिक कार्य योजना २०७२/०७३ सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। कार्यपत्रमा करदाता सेवा, कर परीक्षण र अनुसन्धानमा सुधार, करकानुनको परिपालनामा वृद्धि तथा सूचना प्रविधिमा सुधार सम्बन्धी विभिन्न क्रियाकलापहरुलाई व्यवस्थित गरी परिलक्षित उपलब्धि हासिल गर्ने, करदाता जागरण, करदाता शिक्षा, तालिम जस्ता कार्यक्रमलाई देशव्यापी रुपमा प्रभावकारी बनाउने, Billing Enforcement मा जोड दिने, करदाताको वर्गीकरण गर्ने, कर परीक्षण रणनीति तयार गर्ने, बक्यौता व्यवस्थापन, विद्युतीय प्रणाली मार्फत् सेवा प्रवाह गर्ने लगायतका विषय वस्तु समावेश गर्नु भएको थियो।

उहाँले जर्मनी र फ्रान्ससित दोहोरो कर मुक्ति सम्झौता गर्न पूर्व संभाव्यत्ता अध्ययन गर्ने, आयकर ऐन, नियम र राजस्व नीतिको अनुवाद गरी सूचना आदानप्रदान गर्ने, नेपालमा रहेका गैर वासिन्दा तथा विदेशी स्थायी संस्थापन करदाताहरुको डाटावेश बनाउने कार्य थालनी गर्ने, दोहोरो कर मुक्ति सम्झौता सम्पन्न भैसकेपछि करमा परेको प्रभाव अध्ययन गरी सम्झौता परिमार्जनको तयारी गर्ने, अन्तराष्ट्रिय कर सम्बन्धी तालिम कार्यक्रम संचालन गर्ने वारेमा कार्यपत्रमा उल्लेख गर्नु भएको थियो।

त्यसैगरी कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रणालीको अनुगमन तथा मूल्यांकन गर्ने, योजना तथा मानव संशाधन विकास सम्बन्धी कार्यक्रम संचालन गर्ने, प्रशासकीय पुनरावलोकनका निवेदनहरु फछ्यौंट गर्ने, राजस्व प्रशासनका कर्मचारीलाई कर कानून सम्बन्धी अनुशिक्षण प्रदान गर्ने, उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगले दिएका सुझावहरुको कार्यान्वयन, ऐन नियमको एकीकृत संगालो प्रकाशन, कर बक्यौता व्यवस्थापन गर्न स्थायी प्रकृतिको विवाद निरुपण संयन्त्र गठन सम्बन्धमा अध्ययन गर्ने, कारोबारमा आधारित कर कार्यान्वयन व्यवस्थापन सम्बन्धमा समेत निर्देशक श्री बरालले कार्यपत्रमा प्रस्तुत गर्नु भएको थियो।

कार्यक्रममा निर्देशक श्री अर्जुनप्रसाद भट्टराईले कार्य सम्पादन सम्झौतामा उल्लेख भएका विषयवस्तुका वारेमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। जसमा शाखागत रुपमा आर्थिक वर्ष भित्रमा सम्पन्न गर्नुपर्ने विषय वस्तुत उल्लेख थियो। जीआइजेडका प्रतिनिधि नरसागर श्रेष्ठले करदातालाई सूचनाहरु प्रदान गर्ने सन्दर्भमा जीआइजेडको सहयोगमा सूचना प्रविधिले सहयोग गरेको र नेपालमा उपलब्धिमूलक भएको बताउनुभयो। जीआइजेडका अर्को प्रतिनिधि श्री बरुण कोइरालाले सूचना प्रविधिको क्षेत्रलाई विस्तार गर्न सके राजस्व संकलनको क्षमता अभिवृद्धि गर्न सकिने तथा करदाताको लागत घटाउन गर्नुपर्ने कार्यहरुको वारेमा जानकारी गारउनु भएको थियो।

# नव प्रवेशी अधिकृतहरूलाई अभिमुखीकरण कार्यक्रम





काठमाडौं । नवप्रवेशी शाखा अधिकृतहरुका लागि सञ्चालन गरिएको एक दिने अभिमुखीकरण कार्यक्रम आन्तरिक राजस्व विभागमा फागुन १७ गते सम्पन्न भएको छ । आन्तरिक राजस्व विभागमा आयोजित एक कार्यक्रममा महानिर्देशक श्री चुडामणि शर्माले नव प्रवेशी अधिकृतहरुलाई अभ्यस्त गर्न पाउने अवसरका रुपमा विभागले लिएको बताउनु हुँदै नव प्रवेशी अधिकृतहरुलाई करदाता सेवा कार्यालय बालाजु र चावहिल अन्तर्गत बजार अनुगमन गर्नका लागि परिचालन गर्न पाउँदा अवसरको रुपमा लिएको जानकारी दिनुभयो । नव प्रवेशी अधिकृतहरुलाई निर्देशन दिनुहुँदै महानिर्देशक श्री शर्माले करदाताको पहिचान गर्ने Know Your taxpayer (KYT) को विवरण अद्यावधिक गर्न निर्देशन दिनुहुँदै करदाता सेवा कार्यालयबाट खटिने कर अधिकृतको रोहवरमा काम गर्न निर्देशन दिनुभयो । नव प्रवेशी अधिकृतहरुलाई अनिवार्य रुपमा ड्रेस सहित परिचयपत्रको साथमा उपस्थित हुन आग्रह गर्नुहुँदै बजार अनुगमनलाई जनचेतना र शिक्षा प्रवाह गर्ने अवसरको रुपमा लिन आग्रह समेत गर्नुभयो । करदातासँग शिष्ट र नम्र व्यवहार प्रदर्शन गर्न जरुरी रहेको बताउनुहुँदै एटिच्युट सकारात्मक हुनुपर्ने, यसबाट केही सिक्छु भन्ने भावना हुनुपर्ने उहाँको भनाइ थियो । महानिर्देशक शर्माले ठाउँ अनुसार प्रस्तुत भई करदाताको ज्ञानको आधारमा आफूलाई प्रस्तुत हुन निर्देशन दिनुहुँदै आगामी कार्यकाल सफल रहोस् भन्ने शुभकामना समेत व्यक्त गर्नुभयो ।

उपमहानिर्देशक श्री विष्णुप्रसाद नेपालले नेपाल प्रशासनिक प्रशिषण प्रतिष्ठानले नव प्रवेशी शाखा अधिकृतहरुलाई आन्तरिक राजस्व विभागमा ल्याएर नेपाल सरकारको कर प्रशासनको बारेमा केही ज्ञानहरु बुझ्ने अवसर प्रदान गरेकोमा प्रतिष्ठानलाई धन्यवाद दिनुहुँदै विभागबाट प्राप्त ज्ञानले नव प्रवेशी कर्मचारीहरुलाई पछिल्ला दिनसम्म लाभान्वित हुने बताउनुभयो । उहाँले राज्य र करसँगसँगै आउने हुँदा संसारमा जहा पनि कर र नागरिकको सम्बन्ध हुने बताउनुभयो । श्री नेपालले जब करदाताले बढी भन्दा बढी करमा सहभागिता जनाउछ, तव राज्य विकास हुने आधार पनि बढ्दै जाने र कर र राज्यको सम्बन्ध राम्रो हुन्छ भन्नुहुँदै राजस्व कर प्रशासनले उठाउने नभई सिस्टमले उठाउने जानकारी दिनुभयो । नेपालको कर प्रणाली स्वयं कर प्रणालीमा आधारित रहेको जानकारी दिनुहुँदै जसले आर्थिक क्रियाकलाप गर्छ उसले प्यान नम्बर लिनुपर्छ भन्नुभयो ।

कार्यक्रममा विभागका निर्देशक श्री भुपालराज शाक्यले दर्ता प्रकृया, भुक्तानीमा, स्रोतमा कर कट्टी, मूल्य अभिवृद्धि करमा दर्ता प्रकृया, देशभरी रहेका कर कार्यालयहरुको अवस्था, कार्यान्वयनको अवस्थामा वारेमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

त्यसैगरी विभागका निर्देशक श्री अर्जुनप्रसाद भट्टराईले समग्र विभागको कार्य प्रकृयाका वारेमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । त्यसैगरी निर्देशक श्री भट्टराईले विभागको कार्यक्षेत्र भित्र बजार अनुगमनका सम्बन्धमा प्रकाश पार्नुहुँदै कर प्रशासनले गर्ने बजार अनुगमनका सम्बन्धमा बजार जानुभन्दा अगाडिको तयारी अवस्थाका वारेमा चर्चा गर्नु भएको थियो । नव प्रवेशी अधिकृतहरुलाई करदाता सेवा कार्यालय चावहिल र बालाजु अन्तर्गतका करदाताहरुको विवरण अद्यावधिक गर्ने जिम्मेवारी सहित सम्बन्धित कार्यालयमा खटाइएको थियो ।

## बहालधनीहरू करको दायरामा आउने सम्बन्धी आन्तरिक राजस्व विभागको अत्यन्त जरुरी सूचना

आयकर ऐन, २०५८ बमोजिम प्रत्येक प्राकृतिक व्यक्तिले आफुले प्राप्त गरेको बहाल आयको दश प्रतिशतले हुने रकम बहालकर बापत राजस्व दाखिला गर्नुपर्ने र व्यावसायिक कारोबार गर्नेले बहाल रकम भुक्तानी गर्दा दश प्रतिशत रकम कट्टा गरी राजस्वमा दाखिला गरेपछि मात्र बाँकी रकम घरधनीलाई भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । घर, बंगला, पसल, कम्प्लेक्स, डिपार्टमेन्टल स्टोर्स, अपार्टमेन्ट, जमीन, मेशिनरी औजार लगायतका सम्पत्ति भाडामा लगाई वहाल आय आर्जन गरिरहेका व्यक्तिहरूलाई करको दायरामा ल्याउन आन्तरिक राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरूबाट कर्मचारीहरू घरदैलोमा खटाइसकिएका छन् । बहालयोग्य सम्पत्ति बहालमा लगाई आय आर्जन गरिरहेका तर बहालकर नतिरेका बहालधनीहरूले बहाल आय घोषणा फाराम भरी बहालकर बुझाई बहाल कर पुस्तिका अनिवार्य रुपमा लिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# उपमहानिर्देशकको नेतृत्वमा कार्यालयहरूको अनुगमन

आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री बिष्णुप्रसाद नेपाल, निर्देशक पदम श्रेष्ठ, निर्देशक अर्जुनप्रसाद भट्टराई तथा शाखा अधिकृत सुजित सिंहको टोलीद्वारा आन्तरिक राजस्व कार्यालय धरान तथा विराटनगरको फागुन ६ र ७ गते अनुगमन तथा निरीक्षण कार्य सम्पन्न भएको छ । सो अवसरमा आन्तरिक राजस्व विभागका उपामहानिर्देशक श्री विष्णुप्रसाद नेपालले कार्यसम्पादनमा देखिएका विविध कमजोरी औल्याई सोको आगामी दिनमा सुधार गर्न निर्देशन दिनुभयो । सोही अवसरमा आन्तरिक राजस्व विभागका अनुगमन तथा मूल्यांकन शाखाका निर्देशक श्री अर्जुनप्रसाद भट्टराईले कार्यालयको कार्यगत लक्ष्य तथा प्रगतिको अनुगमन गरी देखिएका कमी कमजोरी



सुधार्न आवश्यक निर्देशन दिनुभयो । त्यस्तै निर्देशक श्री पदम श्रेष्ठले करपरीक्षण तथा अनुसन्धानसंग सम्बन्धित विविध पक्षहरुमा थप सुधारका लागि आवश्यक निर्देशन दिनुभयो । सोही अवसरमा आन्तरिक राजस्व कार्यालय धरान र विराटनगरका प्रमुख कर अधिकृतहरुले अनुगमन टोलीलाई स्वागत गर्नुहुंदै कार्यालयको समग्र कार्यगत लक्ष्यमा हासिल भएको प्रगतिको वारेमा आआफ्नो प्रस्तुती गर्नुहुँदै आगामी दिनमा राजस्वको लक्ष्यअनुसार असुली गर्न अथक प्रयास गर्ने र देखिएका कमी कमजोरी सुधार गर्दै जाने प्रतिबद्धता व्यक्त गर्नुभयो । निरीक्षण टोलीको स्वागतका लागि आयोजित औपचारिक कार्यक्रममा यस कार्यालयका प्रमुख कर अधिकृत श्री रमेशराज गौतमद्वारा कार्यालयको हालसम्मको कार्यप्रगति र आगामी दिनको कार्ययोजनाका साथै कार्यालयले शुरु गरेका नयां कार्यक्रमहरुको बारेमा समेत जानकारी गराउनु भयो । त्यसै क्रममा कार्यालयको सेवा प्रवाहलाई छिटो छरितो बनाउन र अभिलेख व्यवस्थापनलाई सूचना प्रविधिको प्रयोग गरी चुस्त दुरुस्त बनाउनका लागि शुरु गरिएको कार्यालयको आफ्नो पेज (Intranet) को उद्घाटन उपमहानिर्देशकबाट भयो । साथै कार्यालयको आ.व. २०७१/०७२ को समग्र कार्य प्रगति र गतिविधीहरुलाई समेटी तयार पारिएको वार्षिक प्रतिवेदनको समेत उपमहानिर्देशकबाट विमोचन गरियो । सोही कार्यक्रममा उपमहानिर्देशकबाट कार्यालयको कार्यसम्पादनको सम्बन्धमा मन्तव्य तथा कर्मचारीहरुलाई निर्देशन दिने कार्यसमेत भयो ।

# फाइल व्यवस्थापन गर्न महानिर्देशकको निर्देशन

काठमाडौं । आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले अर्थ मन्त्रालय सचिवस्तरीय निर्णय अनुसार फाइल व्यवस्थापन गर्न मातहतका प्रमुख कर अधिकृतहरुलाई फागुन १६ गते निर्देशन दिनु भएको छ ।

महानिर्देशक श्री शर्माले भूकम्पपछि फाइल स्थानान्तर णको प्रकृया स्थगित भएकोमा, अव्यवस्थित बनेको फाइललाई व्यवस्थापन गर्न निर्देशन दिनुभयो । प्रमुख कर अधिकृतहरुलाई







आफ्नो कार्यक्षेत्र अन्तर्गत पर्ने करदाताको मात्र फाइल राखेर सम्बन्धित कार्यालयलाई स्थानान्तर गर्न दिर्नेशन दिनु भएको हो । उहाँले फाइल व्यवस्थापन गर्दै लैजान निर्देशन दिनुहुदै मुद्दा, कर परीक्षणका फाइलहरु, विवादित फाइलहरुलाई गम्भिर रुपमा लिन समेत निर्देशन दिनुभयो । कार्यालयमा भएको फाइलका सम्बन्धमा कार्यालय प्रमुख जिम्मेवारी रहने बताउनुहुँदै अतिरिक्त स्थान दिनु परेको खण्डमा समेत व्यवस्थित गर्न निर्देशन दिनुभयो । फाइल स्थानान्तरण गर्दा केही समस्या भए सोको समाधान गरी करदातालाई सहज र हाम्रो व्यवस्थापन सहज हुने गरी काम गर्न जरुरी रहेको उहाँको भनाइ थियो । अडिटमा परेको फाइल जानकारी सहित पठाउन र टिम बनाएर अघि बढ्न निर्देशन दिनुहुँदै उहाँले मुद्दा, मामिला, अनुसन्धानको फाइल अभियानमूलक ढंगले सम्पादन गर्न समेत निर्देशन दिनुभयो ।

सहभागी प्रमुख कर अधिकृतहरुले फाइलहरु सारेको खण्डमा, बक्यौता, वेरुजु पनि सर्नुपर्ने र कतिपय फाइलहरु कसको कार्य क्षेत्र भित्र पर्ने भन्ने समेत विवाद हुने गरेको बताउनु भएको थियो । कार्यक्रममा काठमाडौं उपत्यका भित्र रहेका कार्यालय प्रमुखहरुको उपस्थिति रहेको थियो ।

# क्यासिनोको आकस्मिक लाभकर सम्बन्धी निर्देशिका, २०७२

**प्रस्तावना**

नेपालभित्र क्यासिनो व्यावसाय संचालन गर्दै आएका क्यासिनो व्यावसायीले आफ्ना खेलाडीले एक व्यावसायिक दिनमा मनोर ञ्जनको लागि परम्परागत रुपमा वा आधुनिक मेशिन वा उपकरणको माध्यमबाट क्यासिनो स्थलमा बाजी (वेट) राखी रकम जीत वा हार हुने गरी खेलिने खेल पश्चात् जितौरी प्राप्त गर्दा नेपाल सरकारलाई बुझाउनु पर्ने आकस्मिक लाभकरलाई व्यवस्थित र पारदर्शी बनाई राजस्व असूली कार्यमा एकरुपता कायम गर्न आवश्यक भएकोले आयकर ऐन (सं.स.), २०५८ को दफा १३९ बमोजिम यो निर्देशिका तर्जुमा गरी जारी गरिएको छ।

**परिच्छेद १**

**संक्षिप्त नाम, प्रारम्भ र स्थान**

१. यो कार्यविधिको नाम "क्यासिनोको आकस्मिक लाभकर सम्बन्धी निर्देशिका, २०७२" रहेको छ।

२. क्यासिनोको आकस्मिक लाभकर सम्बन्धमा आयकर निर्देशिका (सं.स.), २०६६ को पूरकको रुपमा यो निर्देशिका जारी गरिएको छ।

३. यो निर्देशिका २०७२ साल असोज १ गतेदेखि प्रारम्भ हुनेछ।

**परिच्छेद २**

**परिभाषा**

४. बिषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क. "आकस्मिक लाभ" भन्नाले ऐनको दफा २ को खण्ड (ज१) बमोजिमको लाभ र यस निर्देशिकाको प्रयोजनको लागि खेलाडीले एक व्यावसायिक दिनमा आकस्मिक रुपमा प्राप्त गर्ने लाभ (जितौरी) रकमलाई सम्झनु पर्छ।

ख. "आकस्मिक लाभकर" भन्नाले ऐनको दफा २ को खण्ड (ज१) मा उल्लेख भएको लाभमा ऐनको दफा ८८क बमोजिम भुक्तानीमा कट्टी गरिएको कर सम्झनु पर्छ।

ग. "ऐन" भन्नाले आयकर ऐन, २०५८ सम्झनुपर्छ।

घ. "कार्यालय" भन्नाले आन्तरिक राजस्व विभाग अन्तर्गतका ठूला करदाता कार्यालय वा आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय सम्झनु पर्छ।

ङ. "क्यासिनो" भन्नाले क्यासिनो सञ्चालन गर्न इजाजत प्राप्त गरेको व्यक्ति तथा व्यावसाय सम्झनु पर्छ।

च. "खेलाडी" भन्नाले क्यासिनो स्थलमा रकम जीत वा हार हुने गरी बाजी (वेट) राख्ने वा खेलाइने खेलमा सहभागी हुने प्राकृतिक व्यक्ति सम्झनु पर्छ।

छ. "नियमावली" भन्नाले आयकर नियमावली, २०५९ सम्झनुपर्छ।

ज. "व्यावसायिक दिन" भन्नाले खेलाडीले क्यासिनो स्थलमा प्रवेश गरेको समयले खेल शुरु गरी खेल परित्याग नगरेसम्मको अवधि सम्झनु पर्छ।

झ. "विभाग" भन्नाले आन्तरिक राजस्व विभाग सम्झनु पर्छ।

ञ. "सिक्का" भन्नाले खेलाडीले क्यासिनो स्थलमा बाजी (वेट) राखी रकम जीत वा हार हुने गरी खेलाइने खेलमा सहभागी हुनको लागि प्रयोग गर्न क्यासिनोको काउण्टरबाट नगद वा विद्युतीय कारोबार मार्फत रकम भुक्तानी गरी प्राप्त गर्ने सिक्का (Coin or Chip) सम्झनु पर्छ।

**परिच्छेद ३**

**क्यासिनो संचालन सम्बन्धमा**

५. क्यासिनोमा खेलाडी प्रवेश गर्दा क्यासिनोले अलग्गै काउण्टरबाट नगद वा विद्युतीय कारोबार मार्फत भुक्तानी लिई खेल्नका लागि सिक्का उपलव्ध गराउनु पर्नेछ।

६. खेलाडीलाई उपलव्ध गराइएको सिक्काको अभिलेख कम्प्यूटर प्रणालीमार्फत राख्नु पर्नेछ।

७. सिक्का उपलव्ध गराइएको खेलाडीको परिचय खुल्ने कागजात राख्नु पर्नेछ।

८. खेल पश्चात् खेलाडीले सिक्का फिर्ता गर्दा भएको जीतको विवरण अद्यावधिक राख्नुपर्नेछ।

**परिच्छेद ४**

**आकस्मिक लाभकर गणना, कट्टी र दाखिला सम्बन्धमा**

९. नेपालभित्र इजाजतपत्र लिई संचालनमा रहेका क्यासिनो संचालकले ऐनको दफा ८८क बमोजिम आकस्मिक लाभ प्राप्त गर्ने व्यक्तिलाई लाभ रकम भुक्तानी गर्दा भुक्तानी हुने रकमको पच्चीस प्रतिशतका दरले अग्रिम रुपमा आकस्मिक लाभकर कट्टी गर्नु पर्नेछ।

१०. आकस्मिक लाभ रकम गणना गर्दा एक व्यक्तिले एक व्यावसायिक दिनमा क्यासिनोको खेल स्थलबाट बाहिर निस्कंदा प्राप्त गरेको रकमबाट क्यासिनोको खेल स्थलमा प्रवेशको समयमा सिक्का खरिद गर्दा तिरेको रकम (लगानी) घटाई गणना गर्नु पर्नेछ।

खेलाडीको आकस्मिक लाभ रकम गणना गर्दा निजले सिक्का खरिद गर्न गरेको खर्च बाहेक अन्य खर्च कट्टा गर्न पाइने छैन।

११. यस परिच्छेदको बूंदा नं. ९ बमोजिम अग्रिम कर असूल गर्नुपर्ने व्यक्तिले अग्रिम कर असूल नगरेको भए पनि असूल हुनु पर्ने समयमा सो कर असूल गरेको मानिने छ।

१२. आकस्मिक लाभमा कट्टी गरिएको अग्रिम कर अन्तिम कर कट्टी हुनेछ।

१३. आकस्मिक लाभकर कट्टी गर्ने व्यक्तिले प्रत्येक महिना कट्टी गरेको आकस्मिक लाभकर रकम अर्को महिनाको पच्चिस गतेभित्र विद्युतीय माध्यम (इ.टि.डि.एस.) मार्फत राजस्व शीर्षक ११११३५ मा सम्बन्धित कार्यालयमा दाखिला गर्नु पर्नेछ।

**परिच्छेद ५**

**शुल्क र व्याज सम्बन्धमा**

१४. आकस्मिक लाभकर बापत अग्रिम कर कट्टी गरेको रकम तोकिएको समयमा सम्बन्धित कार्यालयमा दाखिला नगरेमा ऐनको दफा ११९ बमोजिम वार्षिक पन्ध्र प्रतिशतका दरले व्याज लाग्नेछ।

१५. आकस्मिक रुपमा लाभ प्राप्त गर्ने व्यक्तिलाई आकस्मिक लाभ बापतको रकम भुक्तानी गर्दा भुक्तानी रकममा कर कट्टी नगरेमा वा कम दरले कर कट्टी गरेमा ऐनको दफा १२०(क) बमोजिम कर रकमको पचास प्रतिशत शुल्क लाग्ने छ।

१६. आकस्मिक लाभकर कट्टी गर्ने व्यक्तिले प्रत्येक महिना कट्टी गरेको आकस्मिक

लाभकर विवरण अर्को महिनाको पच्चिस गतेभित्र विद्युतीय माध्यम (इ.टि.डि.एस.) मार्फत दाखिला नगरेमा ऐनको दफा ११७ उपदफा ३ बमोजिम असुल गर्नुपर्ने रकमको वार्षिक डेढ प्रतिशतका दरले शुल्क लाग्ने छ।

**परिच्छेद ६**
**विविध**

१७. क्यासिनोले खेलाडीको नाम तथा निजले प्रत्येक पटक सटही गरेको मुद्राको कारोवार, प्रत्येक पटक खरिद गरेको सिक्काको विवरण, परिमाण तथा रकम, सो खेलाडीले क्यासिनो स्थल छोडी जांदा फिर्ता गरेको सिक्काको विवरण, परिमाण तथा रकम र सो वापत फिर्ता लगेको मुद्राको यथार्थ विवरण राख्नु पर्नेछ।

१८. क्यासिनोले प्रत्येक महिनाको पच्चिस गतेभित्र आकस्मिक लाभकर रकम दाखिला गर्दा बूंदा नं. १७ अनुसारको विवरण समेत संलग्न गर्नु पर्नेछ।

१९. क्यासिनोले खेलाडीलाई आकस्मिक लाभ कर कट्टीको प्रमाण पत्र ऐनमा तोकिएको ढांचामा उपलब्ध गराउनु पर्नेछ।

१ पेजको बांकी....

करोड २१ लाख १४ हजार र रु. ४३ करोड ५० लाख ३१ हजार संकलन भएको छ। शिक्षा सेवा शुल्क तर्फ लक्ष्यको तुलनामा १११ प्रतिशत र स्वास्थ्यसेवा कर तर्फ लक्ष्यको तुलनामा ८२ प्रतिशत संकलन भएको छ। गत वर्षको तुलनामा आयकर वृद्धिदर १०७ प्रतिशत, मूल्य अभिवृद्धि कर वृद्धिदर १२१ प्रतिशत, अन्तशुल्कको वृद्धिदर १०९ प्रतिशत, स्वास्थ्य सेवा कर वृद्धिदर ११४ प्रतिशत र शिक्षा सेवा शुल्क वृद्धिदर ११३ प्रतिशत रहेको छ।

**बोनस ऐन, २०३० को प्रावधान बमोजिम ब्यबस्था गरिएको रकम वितरण नभएमा वा वितरण भई कुनै रकम बांकी रहन गएमा के गर्ने भन्ने बिषयमा मिति २०७२/११/२८ को विभागीय निर्णयानुसार आयकर ऐन, २०५८ को दफा ७५ को उपदफा (१) बमोजिम आन्तरिक राजस्व विभागद्वारा सार्वजनिक गरिएको परिपत्रको सार संक्षेप:**

१. बोनस ऐन, २०३० बमोजिम बोनस व्यवस्था गर्दा बोनस व्यवस्था वापतको खर्च घटाएपछि कायम हुन आउने खुद नाफाको बढीमा १० प्रतिशतले हुने रकम व्यवस्था गरी सोही हदसम्मको रकम मात्र आयकर प्रयोजनका लागि खर्च कट्टी गर्नु पर्ने।

२. कुनै आय बर्षमा बोनस व्यवस्था गरी खर्च कट्टी लिएको रकम सो आय बर्षको तत्काल पछिल्लो आय बर्षमा वितरण गरिसक्नु पर्नेछ। तर, नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र बोनस वितरण गर्न पाउने भनी तोकिएका सार्वजनिक संस्थानहरुको हकमा भने नेपाल सरकारले जुन आय बर्षमा बोनस वितरण गर्न स्वीकृति दिएको हो सोही आय बर्ष भित्रमा बोनस वितरण गरिसक्नु पर्ने।

३. बोनस वापत छुट्याइएको र खर्च कट्टी लिएको रकममध्ये पूरै वा आंशिक रकम उपर्युक्त खण्ड (१) वा खण्ड (२) मा उल्लिखित समय सीमाभित्र वितरण नभएमा आयकर ऐन, २०५८ को दफा २५ को उपदफा (१) को खण्ड (ग) बमोजिम त्यसरी वितरण नभएको वा हुन नसकेको रकम बोनस खर्च कट्टी लिएको आय बर्षको तत्काल पछिल्लो आय बर्षमा आयमा समावेश गर्नु पर्ने। तर, वितरण नभएको वा हुन नसकेको बोनस रकम( मध्ये राष्ट्रिय स्तरको कल्याणकारी कोषमा दाखिला भएको हदसम्मको रकमलाइ भने आयमा समावेश गर्नु नपर्ने।

४. यस सम्बन्धमा नेपाल बैंकर्स एशोसिएसन वा अन्य कुनै व्यक्ति वा निकायलाई यो परिपत्र जारी हुनु पूर्व दिइएको जानकारी वा लेखिएका पत्रहरु खारेज गरिएको छ।

## भुक्तानीमा कर कट्टी गरिएको करको विवरण र कर दाखिला गर्ने सम्बन्धी आन्तरिक राजस्व विभागको सूचना

आयकर ऐन, २०५८ ले रोजगार दाताले रकम भुक्तानी गर्दा, लगानी प्रतिफल र सेवा शुल्कको भूक्तानी गर्दा, आकस्मिक लाभको भूक्तानी गर्दा र ठेक्का वा करारको भूक्तानी गर्दा भूक्तानीकर्ताले कर कट्टी (अग्रिम कर कट्टी) गर्नुपर्ने रकम अग्रिम कर कट्टी गरी प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरूमा विवरण र कट्टी गरिएको रकम दाखिला गर्नुपर्ने व्यवस्था रहेको विदितै छ। साथै भूक्तानीकर्ताले कागजात नराखेमा वा विवरण दाखिला नगरेमा, झुठा वा भ्रमपूर्ण विवरण दाखिला गरेमा तथा ऐन, नियमका व्यवस्थाको पालना नगरेमा शुल्क लाग्ने र तोकिएको मिति सम्म कर दाखिला नगरेमा व्याज लाग्ने कानूनी व्यवस्था रहेको छ। तसर्थ, उपरोक्त कानूनी व्यवस्था बमोजिम भूक्तानी गर्दा कर कट्टी गर्ने जिम्मेवारी भएका व्यक्तिहरूले कानूनमा तोकिएको समयमा अनिवार्य रुपमा कर कट्टी गर्नुहुन र कर कट्टी गरिएको विवरण तथा कर कट्टी रकम दाखिला गरी हिसाब फरफारक गर्नुहुन यो सूचना गरिएको छ।

**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**संरक्षक**
चुडामणि शर्मा

**संयोजन**
दीपक अधिकारी

**सल्लाहकार**
राममणि दुवाडी    विष्णुप्रसाद नेपाल

**सम्पादन समूह**
सम्झना बराल    अर्जुनप्रसाद भट्टराई
शिवलाल तिवारी    प्रकाश शर्मा ढकाल
आनन्द काफ्ले